अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०९ संख्या : ०२ मिति : २०८२/०२/१०

**भाग - २**

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८२**

**कार्यपालिकाबाट स्वीकृत मिति**

**२०८२।०२।०६**

अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यी नियमहरुको नाम "अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम २ मा संशोधन**ः सार्वजनिक खरिद नियमावली,२०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ह) पछि देहायका खण्ड (क्ष), (त्र) र (ज्ञ) थपिएका छन्ः

(क्ष) "डिजाइन र निर्माण सम्झौता" भन्नाले निर्माण कार्यको डिजाइन र निर्माण कार्य एउटै निर्माण व्यवसायीबाट गराउनको लागि गरिने खरिद सम्झौता सम्झनु पर्छ।

(त्र) "ई.पी.सी. सम्झौता" भन्नाले निर्माण सम्बन्धी आयोजनाको डिजाइन सहित ईन्जिनियरिङ्ग खरिद र निर्माण चरणका कार्यहरु तथा आवश्यकता अनुसार निर्धारित अवधिका लागि गर्नु पर्ने मर्मत सम्भार र

संचालन समेत निर्माण व्यवसायीबाट गराउनका लागि गरिने खरिद (ईन्जिनियरिङ्ग, प्रोक्युरमेन्ट र कन्स्ट्रक्सन) सम्झौता सम्झनु पर्छ ।

(ञ) "टर्न की सम्झौता" भन्नाले अनुसूची-७ को खण्ड (ङ) वा अनुसूची-८ को खण्ड (ज) बमोजिमको सम्झौता सम्झनु पर्छ ।

३. **<u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३ को,

(१) नियम शीर्षक पछि "(१)" भन्ने अङ्क थपिएको छ ।

(२) उपनिय (१) को खण्ड (ज) पछि देहाएको खण्ड (ट) थपिएको छः-

"(ट) कार्यालयले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिद कार्यको प्रकृया सुरु गर्नु अघि कम्तीमा आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय पक्षमा आयोजनाको सम्भाव्यता अध्ययन गरी सोको आधारमा प्रतिवेदन तथा आयोजनाको प्रारुप डिजाई (कन्सेप्च्युअल डिजाईन) समेत तयार गर्ने ।"

(३) उपनियम (१) पछि देहायको उपनियम (२) थपिएको छः-

"(२) उपनियम (१) को खण्ड (ट) बमोजिमको प्रतिवेदनमा उल्लिखित विवरणलाई डिजाक्षन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताको लागि प्रारम्भिक आधारको रुपमा लिन समिनेछ र उक्त विषय बोलपत्रसम्बन्धी कागजातमा समेत उल्लेख गर्नु पर्नेछ ।

४. **<u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११ को उपनियम (७) पछि देहायको उपनिय (८) थपिएको छः-

"(८) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागि अनुसूची-२क बमोजिम र ई.पि.सी. सम्झौताका माध्यमबाट गरिने निर्माण कार्यको लागि अनुसूची-२ख बमोजिमको ढाँचामा लागत अनुमान तयार गर्नु पर्नेछ।"

५. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को उपनियम (२) पछि देहायका उपनियम (३),(४) र (५) थपियका छनः-

(३) रासायनिक मलको लागत अनुमान तयार गर्दा देहायका कुरालाई समेत आधार लिनु पर्नेछ।

(क) मान्यता प्राप्त अन्तराष्ट्रिय मूल्य विश्लेषक कम्पनीले प्रकाशित गरेको प्रतिवेदनमा उल्लिखित सम्बन्धित क्षेत्र वा देशको फ्री अन बोर्ड (एफ.ओ.बी) मूल्य,

(ख) जहाज भाडा, स्टेभडोरिङ, पोर्ट खर्च,

(ग) प्याकेजिङ्क, क्लियरिङ, फर्वार्डिङ्ग, रेल्वे, ढुवानी खर्च,

(४) रासायनिक मल खरिदको हकमा उपनियम (१), (२) र (३) बमोजिम तयार गरिएको लागत अनुमानमा बोलपत्र पेस गर्ने अन्तिम मिति र समय माप्त हुनुभन्दा अगाडि अन्तरराष्ट्रिय मूल्य विश्लेषण कम्पनिले प्रकाशित गरेको पछिल्लो प्रतिवेदनमा उल्लेखित प्रि अन बोर्ड (एफ.ओ.बी.) मूल्यको आधारमा संशोधन गरी लागत अनुमान तयार गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम तयार गरिएको संशोधित लागत अनुमानका कारणले बोलपत्र जारी गर्दाका बखत निर्धारण गरिएका मूल्याङ्कनका आधारहरु तथा बोलपत्र जमानतको रकममा संशोधन गर्नु पर्ने छैन।

६. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ।

(क) गाउँपालिका वा नेपाल सरकारको जुनसुकै मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स ।

७. **<u>मूल नियमावलीमा नियम २२क थपः</u>** मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२क थपिएको छ।

**<u>२२क संरचनात्मक वा एकाई दर सम्झौताः</u>** (१) कार्यालयले संरचनात्मक वा एकाई दर सम्झौता गर्दा अनुसूची-७ को खण्ड (ख) बमोजिमको सम्झौता गर्नु पर्नेछ।

(२) संरचनात्मक वा एकाई दर सम्झौता सम्बन्धी व्यवस्था दुई चरणमा हुनेछ।यो सम्झौता पाँच वर्षसम्मको लागि गर्न सकिनेछ ।

(३) संरचनात्मक वा एकाई दर सम्झौताको लागि राष्ट्रियस्तरको बोलपत्रका हकमा कम्तीमा तीस दिनको अवधि दिई पहिलो चरणमा कार्यालयले मालसामान आपूर्तिको लागि बोलपत्र आह्वान गरी योग्यताका आधारमा सफल हुने बोलपत्रदाताको संक्षिप्त सूची तयार गर्नु पर्नेछ । पहिलो चरणमा संक्षिप्त सूचीमा समावेश हुने बोलपत्रदातासँग संरचनात्मक वा एकाई दर बोलपत्र जमानत आवश्यक पर्ने छैन।

(४) दोस्रो चरणमा कार्यालयले प्रथम चरणमा छनौट भई संरचनात्मक वा एकाई दर सम्झौता गरिएका आपूर्तिकर्ताहरुबाट बन्द सूचीका आधारमा वा एकाई दर आपूर्तिकर्तालाई समेत प्रतिस्पर्धा गराउने गरी कल अफ कन्ट्रयाक्ट गर्न सक्नेछ। यसरी दोस्रो चरणमा सार्वजनिक निकायले कल अप कन्ट्रयाक्ट गर्दा निश्चित, अनिश्चित वा आवश्यकता अनुरुपको परिमाणमा तोकिएको समयमा आपूर्ति गर्न सर्तहरु उल्लेख गरी कल अफ कन्ट्रयाक्ट गर्न सक्नेछ ।

८. **<u>मूल नियमावलीको नियम २३ मा संशोधन</u>**ः मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छः-

२३. **<u>निर्माण कार्यको लागि खरिद सम्झौता</u>**: (१) कार्यालयले कुनै निर्माण कार्य गराउनको लागि अनुसूची-४ बमोजिमको सम्झौतामध्ये कुनै एक सम्झौता गर्न सक्नेछ।

(२) कार्यालयले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट निर्माण कार्य गर्दा आयोजनाको प्रकृति अनुसार डिजाइन र निर्माण सम्झौताका हकमा निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्ष त्रुटी सच्याउने अवधि र ई.पी.सी. सम्झौताका हकमा कम्तीमा पाँच वर्ष त्रुटि सच्याउने अवधि तथा संचालन र मर्मत सम्भारको अवधि सम्झौतामा स्पस्ट रुपमा खुलाउनु पर्नेछ

(३) ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसमेपादन (लम्पसम कन्ट्रयाक्ट) को आधारमा प्रतिस्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्नु पर्नेछ ।

९. **<u>मूल नियमावलीको नियम २७ मा संशोधन</u>**: मूल नियमावलीको नियम २७ को उपनियम (१) को –

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

(ग) विगत दस वर्षमा एकलौटी रुपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्रयाक्टरको रुपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति जटिलता र निर्माण प्रविधिको देहाय बमोजिमको खरिद सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गरिविधिको लागत अनुमानमा उल्लिखित परिमाण वा सङख्याको कम्तीमा असी प्रतिशत वार्षिक उत्पादन दर (प्रोडक्सन रेट) को आधारमा सम्पन्न गरेको विशेष अनुभवः-

(१) दुई करोड रुपैयाँदेखि दस करोड रुपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालिस प्रतिशत रकम बराबरको कम्तीमा एउटा,

(२) दश करोड रुपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको एउटा ।

तर ई.पी.सी. सम्झौताका हकमा विशेष अनुभव माग गर्दा एकल बोलपत्रदाता भए डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौता वा टर्न की सम्झौताका माध्यमबाट लागत अनुमानको कम्तीमा चालिस प्रतिशत बराबरको समान प्रकृतिको कार्य गरेको र संयुक्त



अपिहिमाल गाउँपालिका

उपक्रमको बोलपत्रदाता भए कुनै एक साझेदारले डिजाइन र निर्माण वा टर्न की सम्झौताका माध्यमबाट लागत अनुमानको कम्तीमा चालिस प्रतिशत बारबरको समान प्रकृतिको कार्य गरेको र प्रत्येक साझेदारले लागत रकम बराबरको सार्वजनिक निर्माणको कुनै पनि क्षेत्रमा काम गरेको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

(२) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

(छ) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिदका सम्बन्धमा बोलपत्रदाताको प्रस्तावित आयोजना सम्बन्धी बुझाइ (अन्डरस्टयान्डिङ) आयोजना डिजाइन विधि, कार्यान्वयन पद्धती सम्बन्धी कागजात।

१०. **मूल नियमावलीको नियम ३७क मा संशोधन**ः मूल नियमावलीको नियम ३७क मा उपनियम (४) मा रहेका "दश अर्ब" भन्ने शब्दहरुको सट्टा "बाह्र अर्ब" भन्ने शब्दहरु राखिएका छन् ।

११. **मूल नियमावलीको नियम ३९क संशोधन**ः मूल नियमावलीको नियम ३९क को उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर रासायनिक मल खरिदको हकमा आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तर वा अन्तराष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।"

१२. **मुल नियमावलीको नियम ४५ मा संशोधन**ः मूल नियमावलीको नियम ४५ को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद गर्दा आयोजना सम्बन्धी उपलब्धी जानकारीहरुका साथै आवश्यकता अनुसार आयोजनाको सर्वेक्षण, डिजाइन, नक्सा, गुणस्तर जाँच र सुनिश्चितता सम्बन्धी व्यवस्था र आयोजनाले प्राप्त गर्नु पर्ने उपलब्धिको सूचक सहितको विवरण ।"

१३. **मूल नियमावलीको नियम ६२ मा संशोधन**ः मूल नियमावलीको नियम ६२ मा देहायको प्रतिबन्धात्मक वाक्याश थपिएको छः-

"तर कार्यालयले बोलपत्र सम्बन्धी कागजातमा रासायनिक मल खरिदको हकमा बोलपत्रदाताले पेश गरेको प्राविधिक प्रस्ताव खोलेको मिति देखि तीस दिनसम्म बोलपत्र मान्य हुन अवधि उल्लेख गर्नु पर्नेछ ।"

१४. **<u>मूल नियमावलीको नियम ७३ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ७३ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ ।

"(६) यस नियममा अन्यत्र जजुसुकै कुरा लेखिएको भए तापनि रासायनिक मल खरिद सम्बन्धी बोलपत्रको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा नियम १२ को उपनियम (४) बमोजिमको संशोधित लागत अनुमानका आधारमा बोलपत्र मूल्याङ्कन गर्नु पर्नेछ ।"

१५. **<u>मूल नियमावलीको नियम १०७ मा संशोधन</u>**ः मूल नियमावलीको नियम १०७ को उपनियम (१८) पछि देहायका उपनियम (१९) र (२०) थप गरिएको छ ।

"(१९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समितिले कार्यालयसँग गरेको सम्झौता अनुसारको निर्माण कार्य पूर्णरूपमा सम्पन्न नगरेमा वा कार्यालयले उपलब्ध गराएको लागत अनुमान अनुसार निर्माण कार्य नगरेमा, गुणस्तरीय कार्य नगरेमा र उपभोक्ता समितिले गरेको कार्यमा त्रुटी भएको समुदायस्तरबाट गुनासो आएमा कार्यालयले त्यस्तो निर्माण कार्यको निरीक्षण वा अनुगमन गरी उपभोक्ता समितिलाई पुनः निर्माण कार्य गर्न लगाउन सक्नेछ ।"

"(२०) उपनियम (१९) बमोजिम उपभोक्ता समितिले पुनः निर्माण कार्य गर्दा उपभोक्ता समितिले कार्यालयबाट त्यस्तो निर्माण कार्यको भुक्तानी पहिले लिई सकेको भएमा कार्यालयले उपभोक्ता समितिको खाता रहेको बैंकलाई पत्राचार गरी त्यस्तो उपभोक्ता समितिको खाता रोक्का गर्न सक्नेछ र कार्यालयबाट उपभोक्ता समितिको खाता रोक्का सम्बन्धी लिखित वा मौखिक जानकारी बैंकलाई भएमा बैंकले त्यस्तो उपभोक्ता समितिको खाता रोक्का गर्नु पर्नेछ र कार्यालयले रोक्का रहेको उपभोक्ता समितिको खाता फुकुवा गरिदिने लिखित पत्राचार वा अनुमति नदिंदा सम्म बैंकले खाता रोक्का भएको उपभोक्ता समितिलाई भुक्तानी दिनु हुदैन।"

१६. **<u>मूल नियमावलीको नियम ११९ मा संशोधन</u>:** मूल नियमावलीको नियम ११९ को उपनियम (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

"तर बोलपत्रदाताले पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम बराबरको बैङ्क जमानत छुट्टै दाखिला गर्न सक्नेछ र उक्त बैङ्क जमानत दाखिला गर्दा बैङ्क जमानतको म्याद ठेक्का सम्पन्न हुने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिसम्मको हुनु पर्नेछ।"

१७. **<u>मूल नियमावलीमा नियम १२०क थप</u>**ः मूल नियमावलीको नियम १२० पछि देहायको नियम १२०क थपिएको छ ।

**"१२०क. <u>जोखिम बहन गर्नु पर्ने</u>**ः (१) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने खरिदमा प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रुपमा परिवर्तन हुन गएको भौतिक अवस्थाका सम्बन्धमा दावी अवधि (स्क्रुटनी पिरियड) मा निमार्ण व्यावसायीले गर्ने दावी बाहेक डिजाइन तथा

ड्रइङग, भौगर्भिक, व्यावसायिक, प्राविधिक लगायतका कारणले उत्पन्न हुने सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ ।

(२) ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिदमा डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्दा उत्पन्न हुने भौगर्भिक, व्यावसायिक तथा प्राविधिक लगायतका सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ ।"

१८. **मूल नियमावलीमा नियम १२२क. थपः** मूल नियमावनीको नियम १२२ पछि देहायको नियम १२२क. थपिएको छः-

"**१२२क. निर्माण कार्य सुरु गर्नुअघि जानकारी दिनु पर्ने** : (१) निर्माण व्यवसायीले डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौताका माध्यमबाट गरिने खरिद कार्यमा निर्माण कार्य सुरु गर्नका लागि खरिद सम्झौत्तामा उल्लखित अवधिभित्र आयोजनाको स्पेसिफिकेसन समितको डिजाइन तथा ड्रइश्ग सार्वजनिक निकायलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको स्पेसिकेसन सहितको डिजाइन तथा ड्रइङ्ग आयोजनाको कार्यक्षेत्र र स्टयाण्डर्ड बमोनिम भए नभएको सम्बन्धमा सार्वजनिक निकायले प्राविधिक, प्राविधिकहरुको समुह वा तेस्रो पक्षका विज्ञ मार्फत जाँच्न लगाई बोलपत्र आह्वान गर्ने कार्यालयको प्रमुखले निर्माण कार्य सुरु गर्नका लागि उपनियम (१) बमोजिमको डिजाइन तथा ड्रइङ्ग प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी दिनु पर्नेछ ।"

१९. **मूल नियमावलीको नियम १२७ मा संशोधनः** मूल नियमावलीको नियम १२७ को उपनियम (५) पछि देहायका उपनियम (६) र (७) थपिएका छन्:-

"(६) कार्यालयले डिजाइन र निर्माण सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा देहायको कुनै अवस्थामा जाँचबुझ गरी भेरिएसन आदेश जारी गर्न सक्नेछ ।

(क) प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रुपमा आयोजनाको भौतिक अवस्था परिवर्तन हुन गएमा, वा

(ख) कार्यालयले कुनै काम थप वा संशोधन गर्न लगाएतको अवस्थामा ।

(७) ई.पी.सी. सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा सार्वजनिक निकायले कुनै काम थप वा संशोधन गर्न लगाएको अवस्थामा बाहेक भेरिएशन आदेश जारी गरिने छैन।"

२०. **मूल नियमावलीको नियम १२९क. मा संशोधनः** मूल नियमावलीको नियम १२९क. को सट्टा देहायको नियम १२९क. राखिएको छः-

**१२९क. खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था**: (१) नियम १२९ मा उल्लेख भए बाहेकका देहाय बमोजिमका कुनै कारणले तोकिएको म्यादभित्र खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकी अधुरो रहेका तर खरिद सम्झौताको म्याद सकिएका वा म्याद थप हुन

नसकेका खरिद सम्झौताको हकमा सम्बन्धित आपूर्तिकर्ता, निर्माण, व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले पेश गरेको कार्यतालिका बमोजिम कुन, कुन काम के, कस्तो कारणले हुन नसकेको हो, सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दावी नगर्ने प्रतिबद्धता सहित यो नियम कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

(क) नेपाल सरकार मन्त्रीपरिषद् वा गाउँ कार्यपालिका वा कार्यालयबाट जुनसुकै कारणले खरिद सम्झौताको कार्यान्वयन स्थगन भएका,

(ख) वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन हुन छुट भएका,

(ग) बजेट अपुग भई समयमा भुक्तानी हुन नसकेका,

(घ) खरिद सम्झौताका सर्तहरुमा उल्लिखित कम्पेन्सेशन इभेन्टसमा उल्लेख भएका अन्य कारण

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिम पेश भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेश गर्न सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई निर्देशन दिने सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको कार्यतालिकाको आधारमा बाँकी कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी नियम ७६ बमोजिमको अधिकारीले म्याद थप गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र गरिसक्नु पर्नेछ । यसरी समयमा नै म्याद थप सम्न्धी निर्णय नगर्ने पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम थप गरिएको म्यादको पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन।

(६) उपनियम (१) बमोजिमको अवधिभित्र सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवाप्रदायकले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा वा यस नियम बमोजिम थप गरिएको अवधिसम्म पनि सम्झौता बमोजिमको कार्य सम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नु पर्नेछ ।

तर यस नियम बमोजिम अवधि थप भएकोमा उपनियम (१) बमोजिमको कारण पुनः दोहोरिई थप भएको अवधिभित्र सम्झौता बमोजिमको कार्य सम्पन्न हुन

नसकेमा त्यस्तो अवधि समाप्त भएको मितिले तीस दिनभित्र निवेदन दिएमा यस नियम बमोजिम खरिद सम्झौताको अवधि थप गर्न सकिनेछ ।

(७) उपनियम (६) बमोजिम खरिद सम्झौता अन्त्य भएमा सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसायी परापर्शदाता वा सेवाप्रदायकलाई कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिम थप गरिएको अवभिमा पेश भएको कार्यतालिका बमोजिम कार्य प्रगति भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नु गराउनु पर्नेछ ।

(९) उपनिषम (१) बमोजिम थप गरिएको अवधिको गणना म्याद थप सम्बन्धी निर्णय भएको मितिबाट हुनेछ । सो मितिसम्म व्यतित भइसकेको अवधि स्वत थप भएको मानिनेछ । माइलस्टोन तोकिएको खरिद सम्झौताको हकमा खरिद सम्झौताको म्याद थपसँगै आवश्यकता अनुसार माइलस्टोन समेत परिमार्जन गर्न सकिनेछ ।

२१. **<u>मूल नियमावलीको नियम १३२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १३२ को उपनियम (१) को,-

(१) खण्ड (घ) को अन्त्यमा रहेको “र” भन्ने शब्द झिकिएको छ ।

(२) खण्ड (ङ) मा रहेको “आधारमा” भन्ने शब्दको सट्टा आधारमा, र भन्ने शब्दहरु राखिएको छन् ।

(३) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ ।

“(च) डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी सम्झौताका माध्यमबाट खरिद कार्य गराउदा आयोजनालाई मुख्य क्रियाकलाप कार्य (माइलस्टोन) मा विभाजन गरी नतिजा स्पष्ट मापन गर्न समिने सूचकहरु खुलाई उक्त क्रियाकलापको प्रगतिको आधारमा ।“

२२. **<u>मूल नियमावलीको नियम १३३ मा संशोधनः</u>** मूल नियमावलीको नियम १३३ को उपनियम (३क) पछि देहायको उपनियम (३क१) थपिएको छः-

“(३क१) उपनियम (२) र (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिजाइन र निर्माण सम्झौता वा ई.पी.सी. सम्झौता वा त्रुटी सच्याउने अवधि वा मर्मत सम्भारको अवधि बाह्र महिना भन्दा बढी भएको अन्य खरिद सम्झौताको हकमा साठी प्रतिशत कार्य सम्पन्न भएपछि नियम १३२ बमोजिम राखिएको रिटेन्सन मनी फर्ता माग भएमा विल बीजक भुक्तानी गर्दाका बखत रिटेन्सन मनी बाफत कट्टा गरिएको रकमको साठी प्रतिशतसम्म रकम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई फर्ता दिने सकिनेछ । यसरी रिटेन्सन मनी वाफतको रकम फिर्ता दिँदा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा

परामर्शदाताले फिर्ता पाउने रकमको एक सय दश प्रतिशतले हुन आउने रकम बराबरको बैङ्क जमानत पेश गर्नु गर्नेछ ।

तर त्रुटी सच्याउने अवधि वा मर्मत सम्भारको अवधिभित्र निर्माण व्यवसायीले त्रुटी नसच्याएमा वा मर्मत सम्भार नगरेमा कार्यालयले रिटेन्सन मनी वा जमानत वाफतको रकम प्रयोग गरी त्रुटी सच्याउने वा मर्मत सम्भार गर्न सक्नेछ ।

२३. **<u>मूल नियमावलीको नियम १५२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १५२ को उपनियम (३) पछि देहायको उपनियम (४), (५), (६), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७) थपिएको छन ।

(४) उपनियम (१) बमोजिम लेखि आएपछि उपनियम (२) बमोजिम खरिद कारवाहीमा तत्काल रोक लगाउनु पर्ने अवस्थामा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई त्यसरी प्राप्त विवरण, कारण र कागजातको प्रतिलिपि संलग्न गरी कालोसूचीमा राख्नु नपर्ने आधारहरू भए त्यस्ता आधार र स्पष्टीकरण पेश गर्न तीस दिनको अवधिको लिखित सूचना निजको कार्यालय, घरमा वा ई-मेल ठेगानामा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम लिखित सूचना निजको कार्यालय वा घरमा पठाउँदा निज फेला नपरेमा वा निजको ई-मेल ठेगानामा पठाउँदा त्यस्तो सूचनामा तोकिएको अवधिमा निजले स्पष्टीकरण पश नगरेमा सो सम्बन्धमा राष्ट्रियस्तरको समाचारपत्रमा सात दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो सूचना रीतपूर्वक दिएको मानिनेछ ।

(६) उपनियम (४) वा (५) बमोजिम सूचना प्राप्त गरे पछि सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले आफूलाई कालोसूचीमा राख्नु नपर्ने कुनै कारण र आधार भए सो खुलाई सम्बद्ध कागजात सहित आफ्नो स्पष्टीकरण सार्वजनिक खरिद अनुगमन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम स्पष्टीकरण पश गर्दा सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले निज र सम्बन्धित सार्वजनिक निकायलाई सँगै राखि संयुक्त सुनुवाई गरी सार्वजनिक खरिद अनुगमन कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम सुनुवाईको लागि अनुरोध भएकोमा र सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यसरी सुनुवाई गर्न उचित ठानेमा कार्यालय र बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी र अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई त्यस्तो सुनुवाई हुने समय र स्थान बारे लिखित सूचना पठाउनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम सूचना प्राप्त भए पछि कार्यालय र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी सोही उपनियम बमोजिममा तोकिएको अवधिभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयमा उपस्थित हुनु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिमको अवधिमा दुबै पक्ष उपस्थित भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले दुबै पक्षलाई आ-आफ्नो लिखित वा मौखिक स्पष्टीकरण र भनाई राख्ने मौका दिनु पर्नेछ ।

तर कुनै पक्ष उपस्थित नभएको कारणबाट मात्र सुनुवाई रोकिने छैन ।

(११) उपनियम (१०) बमोजिम सुनुवाई भएकोमा सो सुनुवाई उपर समेत विचार गरी र सुनुवाई नभएकोमा सार्वजनिक निकाय र सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले पेश गरेको कागजातको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले निजलाई कालोसूचीमा राख्ने वा नराख्ने निर्णय गर्नु पर्नेछ ।

(१२) उपनियम (६) बमोजिम सम्बन्धित बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले स्पष्टीकरण पेश नगरेमा कार्यालयले पेश गरेको विस्तृत विवरण र सम्बद्ध कागजातको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले निजलाई कालोसूचीमा राख्ने वा नराख्ने निर्णय गर्नु पर्नेछ ।

(१३) सार्वजनिक खरिद अनुगमन कार्यालयले उपनियम (११) बमोजिम निर्णय गर्दा कालोसूचीमा राख्ने निर्णय गरेमा सोको जानकारी कार्यालय र बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई लिखित रूपमा दिई राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(१४) उपनियम (१३) बमोजिम निर्णय गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा नराख्ने निर्णय गरेमा उपनियम (२) बमोजिम रोक लगाइएको रहेछ भने त्यस्तो रोक स्वतः हट्नेछ र सोको व्यहोरा कार्यालयले सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

(१५) उपनियम (११) बमोजिम निर्णय गर्दा उपनियम (२) बमोजिम रोक लगाइएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था, वा कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय भएमा निजलाई कालोसूचीमा राख्ने समय गणना गर्दा त्यसरी रोक लगाइएको समयदेखि गणना गर्नु पर्नेछ ।

(१६) सार्वजनिक खरिद अनुगमन कार्यालयले यस नियमावली बमोजिम कालोसूचीमा राख्ने कारबाही सो सम्बन्धी अनुरोध प्राप्त भएको मितिले छ महीना भित्र गरी सक्नु पर्नेछ ।

(१७) यो नियमावली प्रारम्भ हुनु अघि कुनै सार्वजनिक निकायले कुनै बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालोसूचीमा राखेकको वा राख्ने निर्णय गरेको भएमा कार्यालयले सो कुराको जानकारी यो नियमावली प्रारम्भ भएको तीस दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्नेछ ।

२४. **मूल नियमावलीको अनुसूचीमा संशोधन**ः मूल नियमावलीको –

(१) अनुसूची-२ पछि संलग्न बमोजिमका अनुसूची-२क र अनुसूची-२ख थपिएका छन्

(२) अनुसूची-७ कोः-

(क) शीर्षकमा रहेको “नियम २२ को उपनियम (१)” भन्ने शब्दहरुपछि “र नियम २२क को उपनियम (१)” भन्ने शब्दहरु थपिएका छन्

(ख) खण्ड (ख) मा रहेका “यो सम्झौता सामान्यतया एक वर्षभन्दा बढी अवधिको हुने छैन।“ भन्ने शब्दहरु झिकिएका छन् ।

(३) अनुसूची-८ को-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ ।

(ङ) डिजाइन र निर्माण सम्झौताः कार्यालयले मध्यम, ठुला र जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने सडक, सुरुङ, सुरुङ मार्ग, फ्लाई, ओभर, पुल, सिँचाइ, जलस्रोच, संरचना, नदी, व्यवस्थापन, खानेपानी, ढल प्रशोधन, बहुतले भवन, जलविद्युत, विमानस्थल, रङ्गशाला, सभागृह, आइ.सि.टि. वा यस्तै प्रकृतिका कार्यालयले उपयुक्त ठानेका पूर्वधार निर्माण सम्बन्धी आयोजनाका लागि डिजाइन र निर्माण (डिजाइन एण्ड बिल्ड) सम्झौताका माध्यमबाट निर्माण कार्य गर्न सक्नेछ ।

(ख) खण्ड (ज) पछि देहायको खण्ड (ट) थपिएको छः-

(ट) ई.पी.सी. सम्झौताः कार्यालयले ठूला, जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने सुरुङ्ग, सुरुङ्ग मार्ग वा फ्लाई ओभर जस्ता संरचना तयार गरी निर्माण गरिने

सडक, सिँचाइ, खानेपानी, जलविद्युत वा पुल जस्ता पूर्वाधार निर्माण सम्बन्धी आयोजना विमानस्थल रङ्गशाला, सभागृह जस्ता भौतिक संरचना निर्माण सम्बन्धी आयोजना जटिल प्लाण्ड जडान गर्नु पर्ने फद्यहोर व्यवस्थापन आयोजना, प्रशोधन केन्द्र वा जस्तै प्रकृतिका कार्यालयले उपयुक्त ठानेका अन्य पूर्वधार आयोजना जस्ता कुनै निर्माण सम्बन्धी आयोजनाको डिजाइन सहित ईन्जिनियरिङ्ग खरिद तथा निर्माण चरणका कार्यहरु तथा आवश्यकता अनुसार निर्धारित अवधिका लागि गर्नुपर्ने मर्मत सम्भार र संचालन समेत निर्माण व्यवसायीबाट गराउनको लागि ई.पी.सी. सक्झौता गर्न सक्नेछ।

**२५.** <u>**खारेजी**</u>ः मूल नियमावलीको नियम १०७क. खारेज गरिएको छ ।

आँपिहिमाल गाउँपालिका

अनुसूची-२क

(नियम ११ को उपनियम (८) सँग सम्बन्धित)

**डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागत अनुमानको ढाँचा**

(क) आइटमको दररेट निकाल्ने तरिकाः

श्रमिकहरुको खर्च..........................................(क)

निर्माण सामग्रीकको खर्च...................................(ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित).........(ग)

आइटमको दररेट (क + ख + ग) = (घ)

बोलपत्रदाताको ओभरहेड (घ को १५ प्रतिशत)= ०.१५ x (घ)

जम्मा दररेट (ङ) =१.१५ x (घ)

(ख) लागत अनुमान निकाल्ने तरिकाः

| क्र.स. | आइटक | एकाइ | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १<br>२<br>३<br>... | आइटम (१)<br>आइटम (१)<br>आइटम (१)<br>इत्यादि | | (च)<br>(छ)<br>(ज) | (ट)<br>(ठ)<br>(ड) | (च) x (ट)<br>(छ) x (ठ)<br>(ज) x (ड) |

जोड (व ) = (च x ट + छ x ठ + ज x ड + ....)

वर्क चार्ज स्टाफ खर्च - (व) को २ प्रतिशत = ०.०२० x (व)

सानातिना अन्य खर्च - (व) को २ प्रतिशत = ०.०२० x (व)

मूल्य समायोजन कन्टिन्जेन्सी –(व) को १० प्रतिशत = ०.१० x (व)

फिजिकल कन्टिन्जेन्सी -(व) को १० प्रतिशत= ०.१० x (व)

जम्मा लागत अनुमान अङ्क (त)= १.२४ x (व)

**द्रष्टव्यः**

(क) बोलपत्रको अङ्कलाई तुलना गर्दा लागत अनुमान जोड (व) लाई मान्नु पर्नेछ ।

(ख) आयोजनाको भौगर्भिक अध्ययन सहितको डिजाइन प्रतिवेदनका लागि लाग्ने परामर्श शुल्क समेत लागत अनुमानमा समावेश गर्न पर्नेछ ।

(ग) वर्क चार्ज, स्टाफ खर्च, सानातिपना अन्य खर्च र फिजिकल कन्टिन्जेसी खर्च गर्ने कार्यालयबाट कार्यविधि स्वीकृत गराई गर्नु पर्नेछ।

(ग) आयोजना/ कार्यक्रमको लागत अनुमान स्वीकृति र खरिद विधि छनौट गर्ने प्रयोजनका लागि जोड (व) मा मूल्य अभिवृद्धि कर र विभिन्न कन्टिन्जेन्सीहरु जोडी हुन आउने रकमलाई कूल लागत अनुमान मानिनेछ ।

अनुसूची -२ख

(नियम ११ को उपनियम (८) सँग सम्बन्धित)

**ई.पी.सी.स सम्झौताको माभ्यमबाट गरिने निर्माण कार्यको लागत अनुमानको ढाँचा**

(क) आइटमको दररेट निकाल्ने तरिकाः

श्रमिकहरुको खर्च............................................(क)

निर्माण सामाग्रीको खर्च.......................................(ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित)...........(ग)

आइटमको दररेट (क + ख + ग) = (घ)

बोलपत्रदाताको ओभरहेड (घ को १५ प्रतिशत) ०.१५ (घ)

जम्मा दररेट (ङ) १.१५ (घ)

(ख) लागत अनुमान निकाल्ने तरिकाः

| क्र.स. | आइटम | एकाई | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | आइटम (१) | | (च) | (ट) | (च) x (ट) |
| २ | आइटम (२) | | (छ) | (ठ) | (छ) x (ठ) |
| ३ | आइटम (३) | | (ज) | (ड) | (ज) x (ड) |
| ... | इत्यादी | | | | |

कूल लागत अनुमान (व) = (च x ट + छ x ठ + ज x ड +..)

(ग) दुई वर्षभन्दा बढी सम्झौता अवधिको खरिदका लागि देहाय बमोजिम समायोजन गरी कूल लागत अनुमान (व) तयार गर्नु पर्ने :

$व = व (१ + ढ/१००)^{त/२}$

ढ = विगत दश बर्षमा प्रत्येक वर्षको मुद्रास्फिति दरको औसत (स्रोतः नेपाल राष्ट्र बैङ्कको उपभोक्ता मूल्य सूचकाङ्क)

त = आयोजना अवधि (वर्ष)

**उदाहरण**

"ढ" निकाल्ने तरिका

| वर्ष | $वर्ष_{१}$ | $वर्ष_{२}$ | $वर्ष_{३}$ | $वर्ष_{४}$ | $वर्ष_{५}$ | $वर्ष_{६}$ | $वर्ष_{७}$ | $वर्ष_{८}$ | $वर्ष_{९}$ | $वर्ष_{१०}$ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मुद्रास्फिति दर | $ढ_{१}$ | $ढ_{२}$ | $ढ_{३}$ | $ढ_{४}$ | $ढ_{५}$ | $ढ_{६}$ | $ढ_{७}$ | $ढ_{८}$ | $ढ_{९}$ | $ढ_{१०}$ |

$ढ = (ढ_{१} + ढ_{२} + ............... + ढ_{१०}) / १०$

वर्क चार्ज स्टाफ खर्च - (व) को २ प्रतिशत = ०.०२० x (व)

सानातिना अन्य खर्च - (व) को २ प्रतिशत = ०.०२० x (व)

जम्मा लागत इष्टिमेट अङ्क (त)= १.०४ x (व)

**दृष्टव्यः** बोलपत्रको अङ्कलाई तुलना गर्दा लागत अनुमान अङ्क (व) लाई मान्नु पर्छ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत